विधेयक संख्याः

# अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

# २०८१

संघीय संसद सचिवालय
संसद भवन, सिंहदरवार
२०८२, बैशाख

# अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

# २०८१

संघीय संसद सचिवालय

संसद भवन, सिंहदरवार

२०८२, बैशाख

## उद्देश्य र कारण

नेपाल अभौतिक सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि, २००३ को पक्ष राष्ट्रसमेत भइसकेको अवस्थामा महासन्धिको पक्षराष्ट्रको हैसियतले सो महासन्धिको कार्यान्वयन गर्नुका साथै संवैधानिक व्यवस्थालाई मूर्तरुपमा कार्यान्वय गर्न सांस्कृतिक सम्पदा संरक्षण र व्यवस्थापन सम्वन्धमा कानून बनाउनु पर्ने संवैधानिक दायित्व सृजना भई अभौतिक सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी ऐन तर्जुमा गर्न वाञ्छनीय भएकोले यो विधेयक पेश गरेको छु ।

बद्री प्रसाद पाण्डे<br>मन्त्री<br>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

बैशाख, २०८२

## आर्थिक टिप्पणी

अभौतिक सांस्कृतिक सम्पदा सम्बन्धी ऐन निर्माण भए पश्चात तीन तहका सरकारहरूसँग समन्वय र सहकार्य गर्दै स्थानीय समूदाय र तिनका सामाजिक संघसंस्थाहरूसँग साझेदारीमा कार्यसम्पन्न गर्नुपर्ने हुँदा सामान्य आर्थिक दायित्व थपिन सक्ने संभावना रहन्छ। मन्त्रालयको संगठनात्मक संरचनामा केही विस्तार गर्नुपर्ने अवस्था आउने हुँदा जनशक्ति र कार्यवातावरणका सन्दर्भमा सिर्जना हुने स्रोतसाधनका लागि सामान्य आर्थिक दायित्व वृद्धि हुन सक्ने र संघ, प्रदेश र स्थानीय तहसमेतको समन्वय, सहकार्यमा काम गर्नु पर्ने हुँदा संगठनात्मक संरचनामा केही हेरफेर हुंदा नेपाल सरकारको आंशिक आर्थिक दायित्व पर्न सक्ने व्यहोरा सहितको आर्थिक टिप्पणी पेश गरेको छु ।

बद्री प्रसाद पाण्डे
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

बैशाख, २०८२

## अभौतिक सांस्कृतिक सम्पदा सम्बन्धी कानूनको मस्यौदा सम्बन्धी अवधारणापत्र

### १. नयाँ ऐन बनाउनु पर्ने आवश्यकताः

**(क) संवैधानिक कारणः**

नेपालको संविधानमा नेपालको संस्कृति र सांस्कृतिक सम्पदासंग सम्बन्धित विषयमा देहाय वमोजिम संवैधानिक व्यवस्था रहेको पाईन्छ।

नेपालको संविधानको भाग- ३ मा मौलिक हक र कर्तव्यको व्यवस्था अन्तर्गत धारा २६ मा धार्मिक स्वतन्त्रताको हक एवं धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था रहेको छ।त्यसै गरी संविधानको भाग ४ मा "राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व" अन्तर्गत धारा ५०(२) मा "राज्यका निर्देशक सिद्धान्त" मा धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा विभेद, शोषण र अन्याय हुन नदिने, सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामन्जस्य कायम गर्ने व्यवस्था रहेको छ।

यसैगरी धारा ५१ मा राज्यका नीतिहरु अन्तर्गत खण्ड (ग) मा सामाजिक र सांकृतिक रुपान्तरण सम्बन्धी नीति निर्माण गर्ने उल्लेख छ, जस अन्तर्गत देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सह-अस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने समेत व्यहोरा उल्लेख छ।

यसैगरी संविधानको धारा ५१ मा राज्यका नीतिहरु अन्तर्गत खण्ड (ठ) मा पर्यटन सम्वन्धी नीतिको वारेमा उल्लेख छ जसमा नेपालका ऐतिहासिक, सांस्कृतिक,धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवर्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने भन्ने व्यहोरा उल्लेख छ।

नेपालको संविधानको अनुसूची- ६ मा प्रदेशको अधिकारको सूची अन्तर्गत भाषा, लिपी, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी व्यवस्था रहेको छ। यसैगरी अनुसूची- ८ मा स्थानीय तहको अधिकारको सूची अन्तर्गत भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास संग सम्बन्धीत विषय रहेको छ भने अनुसूची- ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची अन्तर्गत पुरातत्व, प्राचीन स्मारक र संग्रहालयसंग सम्बन्धी व्यवस्था रहेको छ।

यसरी संविधानले निर्धारण गरेको संवैधानिक व्यवस्थालाई मूर्तरुपमा कार्यान्वय गर्न सांस्कृतिक सम्पदा संरक्षण र व्यवस्थापन सम्वन्धमा कानून बनाउनु पर्ने संवैधानिक दायित्व सृजना भएको छ ।

**(ख) अन्तर्राष्ट्रिय दायित्वः**

प्रस्तुत विषयको कानून निर्माण गर्नको लागि अभौतिक संस्कृतिसँग सम्बन्धी "Convention on Safeguard of Intangible Cultural Heritage, 2003" लाई नेपालले सन् २०१० मा हस्ताक्षर एवं अनुमोदन गरी पक्ष राष्ट्र भएको छ। सो को कार्यान्वयनका लागि राष्ट्रियस्तरमा आवश्यक कानून तथा

नीतिगत प्रबन्ध गरी अन्तर्राष्ट्रियस्तरमा सकारात्मक धारणा अभिवृद्धि गर्न सहयोग पुग्नुका साथै नेपालले प्रतिवद्धता व्यक्त गरेका विषय कार्यान्वयन गर्न सांस्कृतिक सम्पदा संरक्षण र व्यवस्थापन सम्वन्धी अन्तर्राष्ट्रिय दायित्व पुरा हुने देखिन्छ।

**फैसलाः**

नेपालको संविधान जारी भएपछि संवैधानिक व्यवस्था कार्यान्वयनको लागि प्रस्तुत विषयको ऐन तर्जुमा गर्नु पर्ने भएको र सो विषयका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट कानून निर्माण गर्नको लागि मुद्धाको रोहवरवाट कुनै आदेश भएको विषयमा अध्ययनबाट नदेखिएको ।

**(घ) सरकारको नीति तथा कार्यक्रमः**

नेपालको संविधानको भाग-४ अन्तर्गत धारा ५१ को राज्यका नीतिहरु; पर्यटन नीति, २०६५; राष्ट्रिय संस्कृति नीति, २०६७ एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयवाट मिति २०७६।०५।०९ मा सार्वजनिक गरिएको एक वर्षीय कार्य योजनाको कानूनी तथा नीतिगत सुधार शीर्षक अन्तर्गत वुंदा नं. ८, ११ एवं १३ मा समेत पर्यटन क्षेत्रको विकास एवं सांस्कृतिक सम्पदाको संरक्षण र व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहसमेतको समन्वय र साझेदारी हुने तथा अभौतिक सांस्कृतिक सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी उल्लेख भएको ।

नेपाल सरकारको चालु आ.व. को नीति तथा कार्यक्रमको बुँदा नं. ५३ मा "मूर्त र अमूर्त सम्पदाको संरक्षण र संवर्द्धन गरिने तथा नेपालको इतिहास, कला, संस्कृति एवं मौलिक विशेषता समेटिएको बृहत संग्रहालय स्थापना गरिने" भन्ने उल्लेख भएको छ।त्यस्तै चालु आ.व. को बजेट तथा कार्यक्रमको बुँदा नं ८६ मा "नेपालको विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति र सभ्यतालाई विश्व पर्यटन बजारमा प्रवर्द्धन गर्ने" उल्लेख भएको छ। चालु आवधिक १५ औं योजनामा सहयोगी क्षेत्रका रूपमा "सामाजिक-सांस्कृतिक विविधता तथा मौलिक पहिचान" लाई समावेश गरिएको ले अभौतिक सांस्कृतिक सम्पदाको पहिचान, संरक्षण र व्यवस्थापनका लागि कानूनको मस्यौदा तयार गरी नेपाल सरकार मन्त्रिपरिषदमा पेश गर्ने नीतिमा रहेको ।

**(ङ) अन्य कुनै कारणः**

नेपालको संस्कृति तथा सांस्कृतिक सम्पदाको संरक्षणका लागि कानूनी ढाँचा, संरचना, कार्य सम्पादनमा सहजता र एक रुपताका साथै संघ, प्रदेश र स्थानीय तह समेतको सहभागितामा समन्वय र साझेदारी रुपमा सहकार्यमूलक कार्यका लागि संविधानको भाग-४ अन्तर्गत धारा ५१ को राज्यका नीति, राष्ट्रिय संस्कृति नीति, २०६७ एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयवाट मिति २०७६।०५।०९ मा सार्वजनिक गरिएको एक वर्षीय कार्ययोजनाको कानूनी तथा नीतिगत सुधार शीर्षक अन्तर्गत अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण र व्यवस्थापनमा कानूनको मस्यौदा तयार गरी नेपाल सरकार मन्त्रिपरिषदमा पेश गर्ने नीति सम्बन्धमा कानूनको अपरिहार्यता रहेको।

**२. नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धिः**

अभौतिक सांस्कृतिक सम्पदा संरक्षण र व्यवस्थापनको लागि विद्यमान प्राचिन स्मारक ऐन, २०१३ ले कुनै अभौतिक सम्पदासम्बन्धी विषयलाई सम्बोधन गर्न नसकेको र सन् २००३ को अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी महासन्धिले राज्यको अनिवार्य दायित्वको रूपमा यो महासन्धी आएको । हाल राष्ट्रिय संस्कृति नीति, २०६७ अनुसार कार्यसंचालन हुँदा विभिन्न अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण र

व्यवस्थापनमा राज्यको दायित्व सिर्जना गराई कार्यान्वयन गर्न असहज रहेको साथै अन्य आवश्यक नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डको निर्माण गरी कार्यसंचालन र कार्यसम्पादनमा सहजता आउन सक्नेछ।

**३. प्रस्तावित विषयमा मौजुदा कानून भए सोको नामः**

प्रस्तावित विषयमा अन्य कुनै पनि मौजुदा कानून नरहेको।

**४. मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सोको कारणः**

हाल कार्यान्वयनमा रहेको प्राचिन स्मारक ऐन, २०१३ ले भौतिक सांस्कृतिक सम्पदाहरूसँग सम्बन्धित रहेको र सोको मात्र संरक्षण र व्यवस्थापन गर्न सकिने विद्यमान अवस्था रहेको र अभौतिक सांस्कृतिक सम्पदाहरूको पहिचान, संरक्षण र व्यवस्थापनका लागि नयाँ कानूनको आवश्यकता रहेको छ ।

**५. प्रस्तावित विषयमा सरकारले कुनै नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधिबाट तर्जुमा भएको होः**

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयवाट संस्कृतिसंग सम्बन्धीत विषयमा राष्ट्रिय संस्कृति नीति, २०६७ लागु भई हाल सम्म कार्यान्वयन रहेको छ।

यस राष्ट्रिय संस्कृति नीतिको वुदा नं. ९ मा रणनीति तथा कार्यनीतिहरु सम्बन्धी व्यवस्था अन्तर्गत वुंदा नं. ९.२ मा "सांकृतिक सम्पदाहरुको अन्वेषण, अध्ययन,परीक्षण, संरक्षण र व्यवस्थापन सम्बन्धी विद्यमान ऐन, नियम र निर्देशिकाहरुमा सुधारका साथै आवश्यक्ता अनुसार थप ऐन, नियम र निर्देशिकाहरु वनाई लागु गरिनेछ" भन्ने उल्लेख छ। त्यसैगरी **संरचनागत सुधार** अन्तर्गत वुँदा नं. ९.९ मा तत्कालिन संविधानसभाले संघीय संरचनाको निक्योंल गरे पश्चात स्थानीय सरकारमा सांस्कृतिक मामिला हेर्ने निकायहरुको व्यवस्था गर्न प्रोत्साहित गरिने भन्ने उल्लिखित छ।त्यसै गरी वुँदा नं. ९.११ मा "सांस्कृतिक कृयाकलापसंग सम्बन्धित गुठी संस्थान, वौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा बिकास समिति, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान जस्ता निकायहरुलाई र अन्य मन्त्रालयहरु अन्तर्गत संचालित धार्मिक एवं सांस्कृतिक कार्यक्रमहरुलाई संस्कृति मन्त्रालयको संरचना अन्तर्गत संचालनको व्यवस्था मिलाइने छ" भन्ने उल्लेख छ। "सवै अभौतिक सांस्कृतिक सम्पदाहरुको पहिचान, संरक्षण र व्यवस्थापनमा पारदर्शिता गर्ने गराउने कार्यको लागि एउटा छाता कानून निर्माण गरिनेछ" भनी उल्लेख छ।

**६. नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारीः**

यस सम्बन्धी विषयमा नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ५ मा "मन्त्रालयवाट सम्पादन हुने कार्यको विभाजन अनुसूची-२ मा उल्लेख भए वमोजिम हुनेछ" भनी उल्लेख भएको र अनुसूचि २ मा "संस्कृति, ललितकला, धर्म, सभ्यता र सम्पदा सम्बन्धी नीति, कानून, मापदण्ड" का साथै "प्राकृतिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक, साहसिक पर्यटन सम्वन्धी नीति, मापदण्ड र नियमन" सम्बन्धी कार्य गर्ने" भनी उल्लेख छ।उक्त कानूनी व्यवस्था अनुसार कार्यविधिगत व्यवस्था गर्ने सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री सुरेश अधिकारी र सहसचिव डा. सुरेश सुरस श्रेष्ठ यस विषयमा संलग्न पदाधिकारी हुनुहुन्छ।

**७. प्रस्तुत विषयका अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तर्राष्ट्रिय संस्थाले नमुना कानून बनाएको भए त्यस्तो मूलुक र कानूनको नामः**

सो विषयमा अन्य मुलुकमा रहेका कानूनी व्यवस्था समेतलाई मस्यौदा तर्जुमा गर्दाको वखत अध्ययन अनुसन्धान गरिने नै हुंदा हाल उक्त विषय अध्ययनको क्रममा नै रहेको छ।

**८. प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाब दिएको भए त्यसको संक्षिप्त व्यहोराः**

अभौतिक सांस्कृतिक सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी कानून निर्माण सम्बन्धमा अध्ययन तथा अनुसन्धान भएको जानकारी छैन यद्यपि विद्यमान संविधान, राष्ट्रिय संस्कृति नीति, २०६७, सम्वद्ध ऐन, नियम, एवं नेपाल सरकार मन्त्रीपरिषदवाट विभिन्न मितिमा अभौतिक सांस्कृतिक सम्पदाहरूको संरक्षण सम्बन्धी निर्णय समेतका आधारमा मस्यौदामा आवश्यक व्यवस्था समावेश गरिनेछ ।

**९. प्रस्तावित कानून कार्यान्वन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभारः**

यो ऐन निर्माण भए पश्चात तीन तहका सरकारहरूसँग समन्वय र सहकार्य गर्दै स्थानीय समूदाय र तिनका सामाजिक संघसंस्थाहरूसँग साझेदारीमा कार्यसम्पन्न गर्नुपर्ने हुँदा सामान्य आर्थिक दायित्व थपिन सक्ने संभावना रहन्छ। मन्त्रालयको संगठनात्मक संरचनामा केही विस्तार गर्नुपर्ने अवस्था अनिवार्य रूपमा आउँछ। जनशक्ति र कार्यवातावरणका सन्दर्भमा सिर्जना हुने स्रोतसाधनका लागि सामान्य आर्थिक दायित्व वृद्धि हुन सक्दछ। संयन्त्रको निर्माण गर्नु पर्ने अवस्था नरहे पनि संघ, प्रदेश र स्थानीय तह समेतको समन्वय, सहकार्य र साझेदारीमा कानून कार्यान्वयन गर्नु पर्ने देखिएको छ। केही संगठनात्मक संरचनामा हेरफेर हुंदा सामान्य आर्थिक दायित्व वृद्धि हुन सक्छ।

**१०. प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने नपर्नेः**

प्रस्तावित कानूनको कार्यान्वयनको लागि संविधान तथा प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तह समेतको समन्वय र साझेदारीमा कार्य गर्नु पर्ने देखिंदा संगठन संरचनामा हेरफेर भई थपिने देखिन्छ।

**११. प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए नभएकोः**

माथि उल्लेख भए वमोजिम प्रस्तावित कानून निर्माणकोमा सैद्धान्तिक सहमतिको लागि नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, राय/परामर्शको लागि अर्थ मन्त्रालयको सहमति लिन सान्दर्भिक देखिएको र सो सम्बन्धी विधेयकको मस्यौदा तयार भए पश्चात मस्यौदा उपर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको राय प्रतिक्रिया लिएर कारवाही अगाडी बढाइने हुंदा हाल सैद्धान्तिक सहमतिका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउन आवश्यक देखिएको।

**१२. प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरुः**

यो कानून पारित भएपश्चात अभौतिक सांस्कृतिक सम्पदाको पहिचान, संरक्षण र व्यवस्थापन गर्न सहज हुनुको साथै संगठनात्मक संरचनाले पनि प्रभावकारी रुपमा कार्य गर्ने कुरामा विश्वस्त हुन सकिन्छ।

यस क्रममा प्रस्तावित कानूनको विधेयकको मस्यौदामा अन्य सान्दर्भिक व्यवस्थाको अतिरिक्त देहायका व्यवस्थाहरु समेत समावेश गरिनेछः

क. प्रस्तावित ऐनको नाम
ख. प्रस्तावित ऐनको प्रस्तावना
ग. सम्बन्धित शब्दावलीहरूको परिभाषा
घ. अभौतिक सांस्कृतिक सम्पदाको बर्गिकरण
ङ. अभौतिक सांस्कृतिक सम्पदाको अभिलेखीकरण गर्नुपर्ने
च. अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण र व्यवस्थापन
छ. अभौतिक सांस्कृतिक सम्पदाको स्वामित्व
ज. अभौतिक सांस्कृतिक सम्पदा संरक्षणका लागि सरकारले विशेष व्यवस्था गर्न सक्ने
झ. अभौतिक सांस्कृतिक सम्पदा नाश गर्ने विग्रने खालका कार्य रोक्ने
ञ. अभौतिक सांस्कृतिक सम्पदाको आधिकारिकता
ट. अभौतिक सांस्कृतिक सम्पदा संरक्षणका लागि विशेष/निकाय कार्यालय स्थापना गर्न सक्ने
ठ. कार्यक्षेत्र तोक्न सक्ने व्यवस्था
ड. कार्यक्षेत्रभित्र पालना गर्नुपर्ने मापदण्ड , निर्माण संहिता, अन्य संहिता सम्बन्धी व्यवस्था
ढ. संघ, प्रदेश र स्थानीय तहले गर्न सक्ने बर्गीकरण
ण. अभौतिक सांस्कृतिक सम्पदा संरक्षण कोष सम्बन्धी व्यवस्था
त. कोष संचालन, लेखा र लेखा परिक्षणसम्बन्धी व्यवस्था
थ. सेवा, सुविधा र वैठक भत्ता सम्बन्धी व्यवस्था
द. अभौतिक सांस्कृतिक सम्पदा संरक्षण तथा व्यवस्थापन एवं कार्य संचालनका लागि समिति, उपसमिति गठन गर्न सक्ने
ध. बैठक वस्ने तथा वैठक सम्बन्धी कार्यविधि तयार गरी लागु गर्ने
न. कसूर र दण्ड सजायसम्बन्धी व्यवस्था
ऩ. क्षेत्राधिकार सम्बन्धी व्यवस्था
प. नेपाल सरकार वादी हुने
फ. पुनरावेदन सम्बन्धी व्यवस्था
ब. अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था
भ. नियम बनाउने अधिकार सम्बन्धी व्यवस्था
म. निर्देशिका, मापदण्ड, कार्यविधी बनाउने अधिकार सम्बन्धी व्यवस्था
य. अनुसूची सम्बन्धी व्यवस्था
र. विविध ।

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

नेपाल अभौतिक सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि, २००३ को पक्ष राष्ट्रसमेत भइसकेको अवस्थामा महासन्धिको पक्षराष्ट्रको हैसियतले सो महासन्धिको कार्यान्वयन गर्नको लागि अभौतिक सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी विधेयक, २०८१ तर्जुमा गरिएको र विधेयकमा तोकिए वा तोकिए बमोजिम भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ भन्ने व्यवस्था भएकोले सो विधेयकको दफा ३(५), ४(५), ५(५), ८(२)(च) र ९(५) मा उल्लेख भएका व्यवस्थाहरु नियमावलीमा समावेश गर्न प्रस्ताव गरिएको छ । माथि विभिन्न दफाहरुमा उल्लेख भए अनुसार प्रत्यायोजित व्यवस्थापनसँग प्रस्तावित ऐनको व्यवस्था नियमावली बनाउनु पर्ने कारण र त्यसबाट पर्न सक्ने प्रभावहरु यस प्रकार रहेका छन्।

| क्र.स. | प्रस्तावित विधेयकको दफा / उपदफा | नियम बनाउन सकिने व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | दफा ३ को उपदफा (५) | (५) उपदफा (३) बमोजिम सहमति लिने र उपदफा (४) बमोजिम सहभागिता सुनिश्चित गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ। | सहमति लिने र सहभागिता सुनिश्चित गर्ने प्रक्रिया नियममा राख्न उपयुक्त हुने । | सहमति लिने र सहभागिता सुनिश्चित गर्ने प्रक्रिया सुनिश्चित हुने । |
| २ | दफा ४ को उपदफा (५) | (५) राष्ट्रिय सूचीमा सूचीकृत गर्नका लागि आवश्यक मापदण्ड तथा राष्ट्रिय सूची तयार गर्ने, अद्यावधिक गर्ने र सार्वजनिक गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ। | राष्ट्रिय सूचीमा सूचीकृत गर्नका लागि आवश्यक मापदण्ड तथा राष्ट्रिय सूची तयार गर्ने, अद्यावधिक गर्ने र सार्वजनिक गर्ने प्रक्रिया | राष्ट्रिय सूचीमा सूचीकृत गर्नका लागि आवश्यक मापदण्ड तथा राष्ट्रिय सूची तयार गर्ने, अद्यावधिक गर्ने र |

| | | | | |
|---|---|---|---|---|
| | | | नियमावलीमा राख्न उपयुक्त हुने । | सार्वजनिक गर्ने प्रक्रिया सुनिश्चित हुने । |
| ३ | दफा ५ को उपदफा (५) | (५) सदस्यको मनोनयन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | सदस्यको मनोनयन सम्बन्धी नियमावलीमा राख्न उपयुक्त हुने । | सदस्यको मनोनयन सम्बन्धी पारदर्शी हुने। |
| ४ | दफा ८ को उपदफा (२) को खण्ड (च) | (च) तोकिएबमोजिमका अन्य कार्य गर्ने । | ऐनमा उल्लेख गरिए बाहेकका काम नियमावलीमा राख्न उपयुक्त हुने । | कार्यको सुनिश्चित हुने। |
| ५ | दफा ९ को उपदफा (५) | (५) जीवन्त मानव सम्पदा सूचीकरण गर्ने, सम्मान वा कदर गर्ने तथा परम्परागत ज्ञानको अभिलेखीकरण गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | जीवन्त मानव सम्पदा सूचीकरण गर्ने, सम्मान वा कदर गर्ने तथा परम्परागत ज्ञानको अभिलेखीकरण गर्ने सम्बन्धी व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने । | जीवन्त मानव सम्पदा सूचीकरण गर्ने, सम्मान वा कदर गर्ने तथा परम्परागत ज्ञानको अभिलेखीकरण गर्ने सम्बन्धी कार्य व्यवस्थित हुने । |

**अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको**

**व्याख्यात्मक टिप्पणी**

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | ऐनको नाम "अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) ऐन, २०८१" रहेको र यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुने व्यवस्था गरिएको। |
| २. | परिभाषा | ऐनमा पटक पटक प्रयोग भएका विभिन्न शब्दहरूलाई उल्लेख गर्न र ती शब्दहरूको अर्थ स्पष्ट पार्नको लागि विभिन्न शब्दहरूको परिभाषा राखिएको । |
| ३. | अभौतिक सांस्कृतिक सम्पदाको अभिलेखीकरण | समुदायले आफ्नो अभौतिक सांस्कृतिक सम्पदा पहिचान गरी सोको सूची तयार गरी अभिलेखीकरण गर्न सक्ने, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले नेपालमा रहेका अभौतिक सांस्कृतिक सम्पदाको सूची तयार गरी अभिलेखीकरण गर्न सक्ने,अभिलेखीकरण गर्नुअघि सम्बन्धित अभ्यासकर्ता व्यक्ति वा समुदाय वा संस्थाको सहमति लिनु पर्ने, अभौतिक सांस्कृतिक सम्पदाको सूची तयार गर्दा तथा अभिलेखीकरण गर्दा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सम्बन्धित समुदायको सहभागिता सुनिश्चित गर्नु पर्ने,सहमति लिने र सहभागिता सुनिश्चित गर्ने प्रक्रिया तोकिए बमोजिम हुने व्यवस्था प्रस्ताव गरिएको छ । |
| ४. | अभौतिक सांस्कृतिक सम्पदाको राष्ट्रिय सूची | मन्त्रालयले राष्ट्रियस्तरमा महत्व राख्ने अभौतिक सांस्कृतिक सम्पदाको राष्ट्रिय सूची तयार गरी अभिलेखीकरण गर्न सक्ने, मन्त्रालयले राष्ट्रिय सूची अद्यवाधिक गरी प्रत्येक वर्ष सार्वजनिक गर्नु पर्ने, बमोजिम राष्ट्रिय सूची तयार गर्दा वा उपदफा (२) बमोजिम अद्यावधिक गर्दा सिफारिस समितिको सिफारिसका आधारमा गर्नु पर्ने, कुनै अभौतिक सांस्कृतिक सम्पदालाई राष्ट्रिय सूचीमा समावेश गर्ने वा त्यस्तो सूचीबाट हटाउने निर्णय गर्नुअघि मन्त्रालयले आवश्यक अध्ययन वा अनुसन्धान गर्न वा गराउन सक्ने, राष्ट्रिय सूचीमा सूचीकृत गर्नका लागि आवश्यक मापदण्ड तथा राष्ट्रिय सूची तयार गर्ने, अद्यावधिक गर्ने र सार्वजनिक गर्ने प्रक्रिया तोकिए बमोजिम हुने व्यवस्था प्रस्ताव गरिएको छ । |

| | | |
|---|---|---|
| ५. | सिफारिस समिति | अभौतिक सांस्कृतिक सम्पदालाई राष्ट्रिय सूचीमा समावेश गर्ने वा त्यस्तो सूची अद्यावधिक गर्ने सम्बन्धमा मन्त्रालयमा सिफारिस, राय तथा सुझाव पेस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेः-<br>(क) संस्कृति महाशाखा प्रमुख, मन्त्रालय -संयोजक<br>(ख) प्रतिनिधि, भाषा आयोग -सदस्य<br>(ग) प्रतिनिधि, नेपाल प्रज्ञा प्रतिष्ठान -सदस्य<br>(घ) प्रतिनिधि,नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान -सदस्य<br>(ङ) प्रतिनिधि,नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान -सदस्य<br>(च) प्रतिनिधि, राष्ट्रिय अभिलेखालय -सदस्य<br>(छ) संस्कृति शाखा प्रमुख, मन्त्रालय -सदस्य-सचिव<br>सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुने, संयोजकले आवश्यकता अनुसार समितिको बैठकमा सम्बन्धित क्षेत्रका विषय विज्ञलाई आमन्त्रण गर्न सक्ने, नियुक्त हुने सदस्यको पदावधि नियुक्त भएको मितिले तीन वर्षको हुने, सदस्यको मनोनयन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था प्रस्ताव गरिएको छ । |
| ६. | सिफारिस समितिको काम, कर्तव्य र अधिकार | कुनै समुदाय, कार्यालय, निकाय वा सङ्घ, संस्थाले सूचीकृत गरेका अभौतिक सांस्कृतिक सम्पदामध्येबाट सिफारिस समितिले राष्ट्रिय सूचीमा समावेश गर्नका लागि मन्त्रालयमा सिफारिस गर्ने, सिफारिस गर्नुअघि सिफारिस समितिले अभौतिक सांस्कृतिक सम्पदाको आवश्यक अध्ययन, अनुसन्धान गर्न वा स्थलगत निरीक्षण गर्न सक्ने, अध्ययन, अनुसन्धान गर्ने प्रयोजनको लागि सिफारिस समितिले कुनै समुदाय, कार्यालय, निकाय वा सङ्घ, संस्थाको अभिलेखमा पहुँच प्राप्त गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ । |
| ७ | समुदायलाई सम्पदाको संरक्षण गर्ने अधिकार हुने | अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धनका लागि सम्बन्धित समुदायलाई देहायको अधिकार हुनेछः-<br>(क) अभौतिक सांस्कृतिक सम्पदाको निर्वाध रूपमा अभ्यास तथा अभिव्यक्त गर्ने,<br>(ख) अभौतिक सांस्कृतिक सम्पदाको अभ्यास तथा अभिव्यक्तिको लागि परम्परागत रुपमा उपयोग गरी आएको स्थान, वस्तु, संरचना वा सांस्कृतिक पथको संरक्षण गर्ने,<br>(ग) अभौतिक सांस्कृतिक सम्पदाको अभ्यास तथा अभिव्यक्तिको माध्यम |

| | | |
|---|---|---|
| | | निर्धारण गर्ने,<br>(घ) परम्परागत रुपमा अभ्यास हुँदै आए बमोजिम अभौतिक सांस्कृतिक सम्पदाको गोपनीयता कायम गर्ने,<br>(ङ) अभौतिक सांस्कृतिक सम्पदाको अभिलेखीकरण गर्ने, प्रकाशन वा प्रसारण गर्ने वा गराउने,<br>(च) अभौतिक सांस्कृतिक सम्पदाको स्वतन्त्र रुपमा उपभोग वा व्यावसायिक उपयोग गर्ने,<br>(छ) अभौतिक सांस्कृतिक सम्पदाको अध्ययन, अनुसन्धान गर्ने,<br>(ज) अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धन गर्न आवश्यक कार्यक्रम गर्ने,<br>(झ) लिपिबद्ध अभौतिक सांस्कृतिक सम्पदाको अनुवाद वा सम्पादन गर्ने,<br>(ञ) अभौतिक सांस्कृतिक सम्पदा पुस्तान्तरण वा पुनर्जीवनीकरण गर्ने,<br>(ट) अभौतिक सांस्कृतिक सम्पदा अभ्यास स्थलको संरक्षण गर्ने।<br>समुदायले उपदफा (१) बमोजिमको कुनै अधिकार उपभोग गर्दा कसैको हक अधिकार हनन् नहुने गरी उपभोग गर्नु पर्ने गरी प्रस्ताव गरिएको छ । |
| ८ | मन्त्रालयले अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्धन गर्ने | नेपालका अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्धन गर्ने मुख्य जिम्मेवारी मन्त्रालयको हुने, जिम्मेवारी पूरा गर्न मन्त्रालयले देहायका कार्य गर्न सक्नेः-<br>(क) अभौतिक सांस्कृतिक सम्पदाको अध्ययन, अनुसन्धान गर्ने, गराउने,<br>(ख) अभौतिक सांस्कृतिक सम्पदाको सूचना सङ्कलन र सम्प्रेषण गर्ने, गराउने,<br>(ग) अभौतिक सांस्कृतिक सम्पदाको अध्ययन, अनुसन्धान, सूचना सङ्कलन वा संरक्षण गर्न सम्बन्धित समुदाय वा कुनै कार्यालय, निकाय वा सङ्घ, संस्थालाई प्रोत्साहन गर्ने,<br>(घ) सम्बन्धित समुदाय, संघ, संस्था वा व्यक्तिले अनुरोध गरेमा अभौतिक सांस्कृतिक सम्पदा सम्बन्धी ज्ञान वा सीप पुस्तान्तरणका लागि प्रशिक्षण गर्न सहयोग गर्ने,<br>(ङ) सांस्कृतिक विविधता प्रतिको सम्मान अभिवृद्धि गर्ने,<br>(च) तोकिएबमोजिमका अन्य कार्य गर्ने गरी प्रस्ताव गरिएको छ |
| ९ | जीवन्त मानव सम्पदा | मन्त्रालयले अभौतिक सांस्कृतिक सम्पदाको निरन्तर रुपमा अभ्यास, संरक्षण र प्रवर्धन गरी समुदायमा पुस्तान्तरण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिलाई सिफारिस समितिको सिफारिसमा जीवन्त मानव सम्पदा घोषणा गरी सूचीकरण गर्न सक्ने, सूचीकृत जीवन्त मानव सम्पदाको सूची अद्यावधिक गरी मन्त्रालयले |

| | | |
|---|---|---|
| | | प्रत्येक वर्ष सार्वजनिक गर्नु पर्ने, सूचीकृत जीवन्त मानव सम्पदाको उचित सम्मान, कदर तथा प्रोत्साहन गर्नका लागि मन्त्रालयले आवश्यक व्यवस्था गर्न सक्ने, मन्त्रालयले जीवन्त मानव सम्पदाको परम्परागत ज्ञान अभिलेखीकरण गर्न, प्रचार प्रसार गर्न वा त्यस्तो ज्ञानको उपयोग गर्नका लागि प्रोत्साहन गर्न सक्ने,जीवन्त मानव सम्पदा सूचीकरण गर्ने, सम्मान वा कदर गर्ने तथा परम्परागत ज्ञानको अभिलेखीकरण गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने गरी प्रस्ताव गरिएको छ। |
| १० | प्रदेश र स्थानीय तहमा अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण | प्रदेशले कानून बनाई प्रदेशस्तरका अभौतिक सांस्कृतिक सम्पदाको पहिचान, संरक्षण तथा प्रवर्धन गर्न सक्ने, स्थानीय तहले कानून बनाई स्थानीयस्तरका अभौतिक सांस्कृतिक सम्पदाको पहिचान, संरक्षण तथा प्रवर्धन गर्न सक्ने गरी प्रस्ताव गरिएको छ। |
| ११ | नियम बनाउन सक्ने | यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्ने गरी प्रस्ताव गरिएको छ। |
| १२ | मापदण्ड बनाउन सक्ने | मन्त्रालयले यो ऐन र यस ऐनको प्रतिकूल नहुने गरी अभौतिक सांस्कृतिक सम्पदाको संरक्षणका लागि आवश्यक मापदण्ड बनाउन सक्ने गरी प्रस्ताव गरिएको छ। |

# अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना**ः नेपालमा बसोबास गर्ने व्यक्ति, समूह वा समुदायले परम्परागत रुपमा अभ्यास तथा पुस्तान्तरण गर्दै आएका अभौतिक सांस्कृतिक सम्पदाको पहिचान गरी संरक्षण र प्रवर्धन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अभौतिक सांस्कृतिक सम्पदा" भन्नाले नेपालमा बसोबास गर्ने नेपाली समुदायले आफ्नो सांस्कृतिक सम्पदाको अभिन्न अङ्गको रुपमा स्वीकार गरी प्रचलित कानूनको विपरीत नहुने गरी परम्परागत रुपमा अभ्यास तथा पुस्तान्तरण गर्दै आएका देहायका सांस्कृतिक सम्पदा सम्झनु पर्छः-

(१) पुस्तौंदेखि बोल्दै, सुन्दै, सुनाउँदै आएको ज्ञान, कथा, गीत, कविता, भनाइ, उखान टुक्का, किम्बदन्ती, मौखिक इतिहास वा यस्तै प्रकृतिका मौखिक परम्परा वा अभिव्यक्ति,

(२) अभिनय वा मञ्चन कला,

(३) सामाजिक अभ्यास, अनुष्ठान, जात्रा वा पर्व,

(४) प्राकृतिक श्रोतको उपयोग, उपचार पद्धति, ज्योतिष विज्ञान, खगोल विज्ञान, पर्यावरणीय ज्ञान वा यस्तै प्रकृतिका प्रकृति र ब्रह्माण्ड सम्बन्धी ज्ञान,

(५) कलात्मक सामग्रीको उत्पादन वा सांस्कृतिक प्रयोजनका लागि आवश्यक वस्तु तथा सामग्री निर्माणमा प्रयोग हुने सीप वा कलाकौशल,

(६) परम्परागत खेल,

(७) खाद्य परिकार तथा खाद्य परिकार तयार गर्ने सीप,

(८) पहिरन वा आभूषण सम्बन्धी ज्ञान,

(९) सांस्कृतिक पथ,

(१०) पुनर्जीवित गरी प्रचलनमा ल्याउन सकिने लोपोन्मुख सांस्कृतिक अभिव्यक्ति, कला, अभ्यास, ज्ञान, कलाकौशल, सीप वा सांस्कृतिक पथ,

(११) लोपोन्मुख तथा हाल अभ्यासमा नरहेका तर अभिलेखीकरण गरी संरक्षण गर्न सकिने सांस्कृतिक अभिव्यक्ति, कला, अभ्यास, ज्ञान, कलाकौशल, सीप वा सांस्कृतिक पथ,

(१२) अभौतिक सांस्कृतिक सम्पदाको अभ्यास, कार्यान्वयन तथा अभ्यास गर्ने स्थल।

(ख) "अभिलेखीकरण" भन्नाले अभौतिक सांस्कृतिक सम्पदाको अवस्था लिपिबद्ध गरी वा फोटोजन्य, श्रव्यदृष्य वा अन्य कुनै माध्यमबाट अभिलेखन गर्ने कार्य सम्झनुपर्छ।

(ग) "जीवन्त मानव सम्पदा" भन्नाले दफा ९ बमोजिम जीवन्त मानव सम्पदाको सूचीमा सूचीकृत व्यक्ति सम्झनु पर्छ।

(घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले संस्कृति सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनुपर्छ।

(च) "राष्ट्रिय सूची" भन्नाले दफा ४ बमोजिमको अभौतिक सांस्कृतिक सम्पदाको राष्ट्रिय सूची सम्झनु पर्छ।

(छ) "समुदाय" भन्नाले अभौतिक सांस्कृतिक सम्पदाको अभ्यास तथा संरक्षण गर्ने नेपाली समुदाय, नेपाली नागरिक वा नेपाली नागरिकहरूको समूह सम्झनु पर्छ।

(ज) "सांस्कृतिक पथ" भन्नाले अभौतिक सांस्कृतिक सम्पदाको अभ्यास, सम्पादन, पुस्तान्तरण वा संरक्षण गर्न परम्परागत रुपमा उपयोग गर्दै आएको मार्ग सम्झनु पर्छ।

(झ) "सिफारिस समिति" भन्नाले दफा ५ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ।

३. **अभौतिक सांस्कृतिक सम्पदाको अभिलेखीकरणः** (१) समुदायले आफ्नो अभौतिक सांस्कृतिक सम्पदा पहिचान गरी सोको सूची तयार गरी अभिलेखीकरण गर्न सक्नेछन्।

(२) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले नेपालमा रहेका अभौतिक सांस्कृतिक सम्पदाको सूची तयार गरी अभिलेखीकरण गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिम अभिलेखीकरण गर्नुअघि सम्बन्धित अभ्यासकर्ता व्यक्ति वा समुदाय वा संस्थाको सहमति लिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम अभौतिक सांस्कृतिक सम्पदाको सूची तयार गर्दा तथा अभिलेखीकरण गर्दा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सम्बन्धित समुदायको सहभागिता सुनिश्चित गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम सहमति लिने र उपदफा (४) बमोजिम सहभागिता सुनिश्चित गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

४. **अभौतिक सांस्कृतिक सम्पदाको राष्ट्रिय सूचीः** (१) मन्त्रालयले राष्ट्रियस्तरमा महत्व राख्ने अभौतिक सांस्कृतिक सम्पदाको राष्ट्रिय सूची तयार गरी अभिलेखीकरण गर्न सक्नेछ।

(२) मन्त्रालयले राष्ट्रिय सूची अद्यवाधिक गरी प्रत्येक वर्ष सार्वजनिक गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम राष्ट्रिय सूची तयार गर्दा वा उपदफा (२) बमोजिम अद्यावधिक गर्दा सिफारिस समितिको सिफारिसका आधारमा गर्नु पर्नेछ।

(४) कुनै अभौतिक सांस्कृतिक सम्पदालाई राष्ट्रिय सूचीमा समावेश गर्ने वा त्यस्तो सूचीबाट हटाउने निर्णय गर्नुअघि मन्त्रालयले आवश्यक अध्ययन वा अनुसन्धान गर्न वा गराउन सक्नेछ।

(५) राष्ट्रिय सूचीमा सूचीकृत गर्नका लागि आवश्यक मापदण्ड तथा राष्ट्रिय सूची तयार गर्ने, अद्यावधिक गर्ने र सार्वजनिक गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

५. **<u>सिफारिस समितिः</u>** (१) अभौतिक सांस्कृतिक सम्पदालाई राष्ट्रिय सूचीमा समावेश गर्ने वा त्यस्तो सूची अद्यावधिक गर्ने सम्बन्धमा मन्त्रालयमा सिफारिस, राय तथा सुझाव पेस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) संस्कृति महाशाखा प्रमुख, मन्त्रालय -संयोजक

(ख) प्रतिनिधि, भाषा आयोग -सदस्य

(ग) प्रतिनिधि, नेपाल प्रज्ञा प्रतिष्ठान -सदस्य

(घ) प्रतिनिधि,नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान -सदस्य

(ङ) प्रतिनिधि,नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान -सदस्य

(च) प्रतिनिधि, राष्ट्रिय अभिलेखालय -सदस्य

(छ) संस्कृति शाखा प्रमुख, मन्त्रालय -सदस्य-सचिव

(२) सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(३) संयोजकले आवश्यकता अनुसार समितिको बैठकमा सम्बन्धित क्षेत्रका विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिम नियुक्त हुने सदस्यको पदावधि नियुक्त भएको मितिले तीन वर्षको हुनेछ ।

(५) सदस्यको मनोनयन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **<u>सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) दफा ३ बमोजिम कुनै समुदाय, कार्यालय, निकाय वा सङ्घ, संस्थाले सूचीकृत गरेका अभौतिक सांस्कृतिक सम्पदामध्येबाट सिफारिस समितिले राष्ट्रिय सूचीमा समावेश गर्नका लागि मन्त्रालयमा सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्नुअघि सिफारिस समितिले अभौतिक सांस्कृतिक सम्पदाको आवश्यक अध्ययन, अनुसन्धान गर्न वा स्थलगत निरीक्षण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अध्ययन, अनुसन्धान गर्ने प्रयोजनको लागि सिफारिस समितिले कुनै समुदाय, कार्यालय, निकाय वा सङ्घ, संस्थाको अभिलेखमा पहुँच प्राप्त गर्न सक्नेछ।

७. **<u>समुदायलाई सम्पदाको संरक्षण गर्ने अधिकार हुनेः</u>** (१) अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धनका लागि सम्बन्धित समुदायलाई देहायको अधिकार हुनेछः-

(क) अभौतिक सांस्कृतिक सम्पदाको निर्वाध रूपमा अभ्यास तथा अभिव्यक्त गर्ने,

(ख) अभौतिक सांस्कृतिक सम्पदाको अभ्यास तथा अभिव्यक्तिको लागि परम्परागत रुपमा उपयोग गरी आएको स्थान, वस्तु, संरचना वा सांस्कृतिक पथको संरक्षण गर्ने,

(ग) अभौतिक सांस्कृतिक सम्पदाको अभ्यास तथा अभिव्यक्तिको माध्यम निर्धारण गर्ने,

(घ) परम्परागत रुपमा अभ्यास हुँदै आए बमोजिम अभौतिक सांस्कृतिक सम्पदाको गोपनीयता कायम गर्ने,

(ङ) अभौतिक सांस्कृतिक सम्पदाको अभिलेखीकरण गर्ने, प्रकाशन वा प्रसारण गर्ने वा गराउने,

(च) अभौतिक सांस्कृतिक सम्पदाको स्वतन्त्र रुपमा उपभोग वा व्यावसायिक उपयोग गर्ने,

(छ) अभौतिक सांस्कृतिक सम्पदाको अध्ययन, अनुसन्धान गर्ने,

(ज) अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धन गर्न आवश्यक कार्यक्रम गर्ने,

(झ) लिपिबद्ध अभौतिक सांस्कृतिक सम्पदाको अनुवाद वा सम्पादन गर्ने,

(ञ) अभौतिक सांस्कृतिक सम्पदा पुस्तान्तरण वा पुनर्जीवनीकरण गर्ने,

(ट) अभौतिक सांस्कृतिक सम्पदा अभ्यास स्थलको संरक्षण गर्ने।

(२) समुदायले उपदफा (१) बमोजिमको कुनै अधिकार उपभोग गर्दा कसैको हक अधिकार हनन् नहुने गरी उपभोग गर्नु पर्नेछ।

८. **<u>मन्त्रालयले अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्धन गर्नेः</u>** (१) नेपालका अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्धन गर्ने मुख्य जिम्मेवारी मन्त्रालयको हुनेछ।

(२) उपदफा (१) बमोजिमको जिम्मेवारी पूरा गर्न मन्त्रालयले देहायका कार्य गर्न सक्नेछः-

(क) अभौतिक सांस्कृतिक सम्पदाको अध्ययन, अनुसन्धान गर्ने, गराउने,

(ख) अभौतिक सांस्कृतिक सम्पदाको सूचना सङ्कलन र सम्प्रेषण गर्ने, गराउने,

(ग) अभौतिक सांस्कृतिक सम्पदाको अध्ययन, अनुसन्धान, सूचना सङ्कलन वा संरक्षण गर्न सम्बन्धित समुदाय वा कुनै कार्यालय, निकाय वा सङ्घ, संस्थालाई प्रोत्साहन गर्ने,

(घ) सम्बन्धित समुदाय, संघ, संस्था वा व्यक्तिले अनुरोध गरेमा अभौतिक सांस्कृतिक सम्पदा सम्बन्धी ज्ञान वा सीप पुस्तान्तरणका लागि प्रशिक्षण गर्न सहयोग गर्ने,

(ङ) सांस्कृतिक विविधता प्रतिको सम्मान अभिवृद्धि गर्ने,

(च) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

९. **<u>जीवन्त मानव सम्पदाः</u>** (१) मन्त्रालयले अभौतिक सांस्कृतिक सम्पदाको निरन्तर रुपमा अभ्यास, संरक्षण र प्रवर्धन गरी समुदायमा पुस्तान्तरण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिलाई सिफारिस समितिको सिफारिसमा जीवन्त मानव सम्पदा घोषणा गरी सूचीकरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचीकृत जीवन्त मानव सम्पदाको सूची अद्यावधिक गरी मन्त्रालयले प्रत्येक वर्ष सार्वजनिक गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सूचीकृत जीवन्त मानव सम्पदाको उचित सम्मान, कदर तथा प्रोत्साहन गर्नका लागि मन्त्रालयले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(४) मन्त्रालयले जीवन्त मानव सम्पदाको परम्परागत ज्ञान अभिलेखीकरण गर्न, प्रचार प्रसार गर्न वा त्यस्तो ज्ञानको उपयोग गर्नका लागि प्रोत्साहन गर्न सक्नेछ।

(५) जीवन्त मानव सम्पदा सूचीकरण गर्ने, सम्मान वा कदर गर्ने तथा परम्परागत ज्ञानको अभिलेखीकरण गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **<u>प्रदेश र स्थानीय तहमा अभौतिक सांस्कृतिक सम्पदाको संरक्षणः</u>**(१) प्रदेशले कानून बनाई प्रदेशस्तरका अभौतिक सांस्कृतिक सम्पदाको पहिचान, संरक्षण तथा प्रवर्धन गर्न सक्नेछ।

(२) स्थानीय तहले कानून बनाई स्थानीयस्तरका अभौतिक सांस्कृतिक सम्पदाको पहिचान, संरक्षण तथा प्रवर्धन गर्न सक्नेछ।

११. **<u>नियम बनाउन सक्ने:</u>** यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

१२. **<u>मापदण्ड बनाउन सक्ने:</u>** मन्त्रालयले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी अभौतिक सांस्कृतिक सम्पदाको संरक्षणका लागि आवश्यक मापदण्ड बनाउन सक्नेछ।